# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

**आन्तरिक आयको बोलपत्र / शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

दोश्रो पटक प्रकाशित मिति : २०८१/१२/०८

आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि २०७५ अनुसार यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र आ.व.२०८१/०८२ का लागि आन्तरिक आय (विज्ञापन कर) संकलनको लागि ठेक्का लिन चाहनुहुने योग्य फर्म / संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयबाट बोलपत्र / शिलबन्दी दरभाउपत्र फारम खरिद गरी ८ औं दिन दिनको १२:०० बजेभित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नहुन सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ।

| क्र सं | ठेक्का नं | ठेक्काको शिर्षक | आ व २०८१/०८२को लागि न्यूनतम अंक भ्याट बाहेक | वोल पत्र/शिलबन्दि दरभाउपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | AM/IR/09/081/082 | विज्ञापन कर | रु.२२०००१(दुई लाख विस हजार एक रुपैया मात्र) | रु.१००० | २०८१/१२/१४ कार्यालय समय सम्म | २०८१/१२/१५ दिनको १२ बजे सम्म | २०८१/१२/१५ दिनको २ बजे पछि |

**शर्तहरु:**

- खरिद भएका बोलपत्र / शिलबन्दी दरभाउपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नम्वर, , ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारीक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी सिलबन्दी लाहा छाप गरी पेश गर्नुपर्नेछ ।
- कार्यालयवाट बोलपत्र / शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा फर्म इजाजत पत्र, VAT दर्ता प्रमाण पत्र र आ.व २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी ) बुझाई माथि उल्लेखित मिति भित्र अर्जुनधारा नगर कार्यपालिकाको कार्यालय बाट खरिद तथा नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्न सकिनेछ।
- बोलपत्र/ शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको एनआइसी एसिया बैंक लि. शनिश्चरे स्थित धरौटी खाता नं.००९२०५०५११२५८०१८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर धरौटी रकम समावेश गर्नु पर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो, सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल


- बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । साथै उल्लेखित ठेक्काको दररेट कार्यालयबाट उपलब्ध गराइने बोलपत्र/दरभाउपत्र साथ सलग्न रहने छ।
- ठेक्का कबोल रकम एकमुष्ठ बुझाएमा VAT बाहेकको कबोल अंकमा १० (दश) प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्तावन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको २०८२ श्रावण मसान्तसम्म अवधी भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलान पूर्जि दिइने छ ।
- यससंग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।
- ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ। विस्तृत जानकारीका लागि नगरपालिका वा फोन न. ०२३- ५९७००२ सम्पर्क गर्नुहोला।

तिलोचन रिमाल
२०८१/१२/०८
(प्रमुख प्रशासकीय अधिकृत)

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

ठेक्काको नाम:

ठेक्का नं.